# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

प. सं. ०७८/७९

च. नं. ............

**सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रमको**
**प्रेस विज्ञप्ति**

२०७८ साल असोज १८ गते थाहा नगरपालिका, मकवानपुरमा सूचनाको हक कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । आयोगको आयोजनामा गरिएको उक्त कार्यक्रम जेसिस हलमा सम्पन्न भएको थियो । आयोगका सूचना आयुक्त श्री कमला ओलीको अध्यक्ष्यता रहेको उक्त कार्यक्रमको प्रमुख अतिथि थाहा नगरपालिकाका मेयर श्री लवशेर विष्टले गर्नु भएको थियो । स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, विभिन्न पेसा व्यवसायका व्यक्ति, पत्रकार, अभियान्ता तथा विभिन्न समूहहरुको सहभागिता रहेको उक्त कार्यक्रम दिनको ११ बजे शुरु भएर २ बजे समापन भएको थियो ।

उक्त कार्यक्रममा आयोगका आयुक्त श्री कमला ओली थापाले सहि सत्य तथ्य सूचना प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक निकायले कन्जुस्याँई नगर्न आग्रह गर्दै सूचना मागकर्ता र सूचना दाता बीचको सम्बन्ध सुदृढ रहनुपर्ने कुरामा जोड दिनुभयो । आयोगका सचिव श्री भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानूनी प्रावधानको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने थाहा नगरपालिकाका मेयर श्री लवशेर विष्टले सूचनाको हक कार्यान्वयनमा थाहा नगरपालिका अगाडी रहेको र सँधै यो विषयलाई अग्रपंक्तिमा राखेर काम गरेको पनि बताउनु भयो । थाहा नगरपालिकाका उपमेयर खड्ग बा गोपालीले पनि मन्तव्य राख्नु भएको थियो भने यस कार्यक्रममा आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले स्वागत मन्तव्य गर्नु भएको थियो । उक्त कार्यक्रममा सहभागीका तर्फबाट उठाइएका प्रश्नको जवाफ दिई आयुक्त श्री कमला ओलीले कार्यक्रमको समापन गर्नु भएको थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७८ असोज १९ गते मंगलबार ।


फोन नं: ०१४४६४४१२, ०१४४९६५४४ फ्याक्स: ०१४४९६५४५, ईमेल: info@nic.gov.np वेबसाईट: www.nic.gov.np